# मेगा प्रेस रिलिज

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

## मेगा बैंकमा नयाँ सञ्चालक समिति निर्वाचित, शेयरधनीलाई १० प्रतिशत लाभांश पारित

मेगा बैंक नेपाल लिमिटेडको साधारणसभाले नयाँ सञ्चालकहरुको चयन गरेको छ । आइतबार राजधानीमा सम्पन्न बैंकको पाँचौं वार्षिक साधारण सभाले संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ६ जनालाई सञ्चालक समितिमा निर्वाचित गरेको छ ।

सञ्चालक समितिमा निर्वाचित हुने संस्थापकहरुमा भोजबहादुर शाह, गोपाल खनाल, मदनकुमार आचार्य, शम्भुविक्रम थापा, इन्द्रबहादुर मल्ल ठकुरी र ईश्वरबहादुर गुरुङ्ग रहनुभएको छ । यसअघि नै चेतनारायण पाण्डे र दिपेन्द्र अग्रवाल सर्वसाधारण समूहबाट निर्वाचित हुनुभएको थियो ।

बैंकको वार्षिक साधारणसभाले शेयरधनीहरुलाई १० प्रतिशत बोनश शेयर दिने प्रस्तावलाई समेत पारित गरेको छ । यसै गरी बोनस शेयर वापत लाग्ने करको रकम पनि बैंकले व्यवस्था गरिदिएको छ । त्यसका लागि चुक्ता पुंजीको ०.५३ प्रतिशत नगद लाभांश साधारणसभाले पारित गरेको छ ।

यसअघि साधारण सभाको उद्घाटन सभामा बैंकका अध्यक्ष भोजबहादुर शाहले अनेकन चुनौतीबाट जुध्नुपरे पनि मेगा बैंकलाई नेपालको नमुना बैंक बनाउने आफ्नो प्रतिबद्धता यथाबत रहेको बताउनुभयो । सँगसँगै स्थापना भएका बैंकको मेगा बैंकले छोटो समयमा व्यवसायिक रुपमा फड्को मारेको उहाँले बताउनुभयो ।

साधारण सभाले बैंकको अधिकृत पुंजी ४ अर्ब रुपैयाँबाट वृद्धि गरी १० अर्ब रुपैयाँ पुऱ्याउन, जारी पुंजी २ अर्ब ६० करोड ९६ लाख रुपैयाँबाट वृद्धि गरी ४ अर्ब ५ करोड ७ लाख १८ हजार ९ सय ३२ रुपैयाँ र चुक्ता पुंजी २ अर्ब ६० करोड ९६ लाख रुपैयाँबाट बढाएर ४ अर्ब ५ करोड ७ लाख १८ हजार ९ सय ३२ रुपैयाँ पुऱ्याउने प्रस्ताव पनि साधारणसभाले पारित गरेको छ ।

यसैगरी साधारणसभाले पश्चिमाञ्चल डेभलप्मेन्ट बैंकसँगको मर्जरलाई पनि अनुमति दिएको छ । मेगा बैंकले पश्चिमाञ्चल डेभलप्मेन्ट बैंकसँग मर्जरपछि हुन आउने बैंकको चुक्ता पुंजीको २५ प्रतिशत अर्थात् ४:१ को अनुपातमा हदप्रद शेयर निष्काशन गर्ने भएको छ । मेगा बैंक र पश्चिमाञ्चल डेभलप्मेन्ट बैंकको शेयर आदान प्रदानको अनुपात १०४.२५ : ६७ कायम हुने भएको छ ।

मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाहले गत बैशाख १२ को भूकम्पपछि अर्थतन्त्र अप्ठेरो अवस्थाबाट गुज्रिए पनि मेगा बैंकको वित्तीय अवस्था सकरात्मक भएको बताउनुभयो । उहाँले गत आर्थिक वर्षमा बैंकले ३४ करोड ६२ लाख रुपैयाँ खूद मुनाफा आर्जन गरेको जानकारी समेत दिनुभयो । चालू आर्थिक वर्ष २०७२/७३ को पहिलो त्रैमासिक अवधिमा बैंकको कूल निक्षेप १ अर्ब ४३ करोड रुपैयाँले वृद्धि भई २२ अर्ब ५६ करोड रुपैयाँ पुगेको छ भने कर्जा ९० करोड रुपैयाँले वृद्धि भई १८ अर्ब ८९ करोड रुपैयाँ पुगेको छ । सो त्रैमासिक अवधिमा बैंकले ८ करोड ४३ लाख रुपैयाँ खूद मुनाफा आर्जन गरेको छ ।

**रिलिज: २७ पुस २०७२** मेगा बैंकमा नयाँ संचालक समिति निर्वाचित, शेयरधनीलाई १० प्रतिशत लाभांश पारित